का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ चैत २०८१,
सोमबार
24 March, 2025
Monday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

इपेपर हेर्नुस्

वर्ष २३, अंक ५० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# दैनिक हराउँछन् ४५ जना
## महिला र बालबालिकाको डरलाग्दो तथ्यांक

| ४ वर्षमा हराएका | भेटिएका |
|---|---|
| २०७८/०७९: १४,९५७ | २०७८/०७९ : ५,५७३ |
| २०७९/०८० : १५,२४५ | २०७९/०८० : ९,४९६ |
| २०८०/०८१ : १५,५५३ | २०८०/०८१ : ९,३२२ |
| २०८१/०८२ माघसम्म : ९,६०१ | २०८१/०८२ माघसम्म : ९,६०१ |
| जम्मा : ५५,३५६ | जम्मा : ३१,०४१ |



विगत ३ वर्ष ७ महिनाको अवधिमा देशभर ५५ हजार ३५६ मानिस हराएका छन्, जसमा २१ हजार ९९० महिला, २१ हजार ७७४ बालबालिका, १० हजार ९४१ पुरुष र ६५१ जेष्ठ नागरिक छन् । सोही समयमा ३१ हजार ४१ जना फेला परेका तथ्यांक छ

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० चैत ।

आफन्त हराउँदा मान्छेलाई कस्तो चोट पर्छ भनेर नाप्ने कुनै उपकरण छैन । आफ्ना मान्छे एकैछिन नदेख्दा पनि बेचैनी हुन्छ भने हराउँदा कति पीडा होला ? तर, वर्षिक हराउने मानिसहरूको संख्या अत्यधिक छ । त्यसमा पनि महिला र बालबालिकाको संख्या डरलाग्दो छ ।

नेपालमा दैनिक सरदर ४५ देखि ५० जना र बर्सेनि १५ हजारभन्दा बढी मानिसहरू हराउने गरेका नेपाल प्रहरीले जनाएको छ । हराउनेमध्ये करिब ६ हजार महिला र ६ हजार ६०० बालबालिका रहेका देखिन्छ ।

नेपाल प्रहरीको वेबसाइटमा हराएका व्यक्तिको फोटोसहितको विवरणसमेत राखिएको छ । यो विवरण र प्रहरीले उपलब्ध गराएको पछिल्लो ३ वर्षको तथ्यांक हेर्दा नेपालमा व्यक्ति हराउने घटनाको डरलाग्दो तस्बिर देखिन्छ ।

उक्त तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०८१/०८२ को ७ महिनामा ९ हजार ६०१ मानिस हराएका छन् । तीमध्ये पनि सबैभन्दा बढी महिला र बालबालिका हराएका छन् पृष्ठ २ मा

# जनमत–नाउपा एकीकरणमा बाबुरामको 'इन्ट्री'

२ दिनसम्म चलेको केन्द्रीय समितिको बैठकमा अधिकांश सदस्यहरू एकताको पक्षमा उभिएपछि अध्यक्ष श्रेष्ठले अन्ततः एकता गर्न सहमति जनाएकी हुन्



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १० चैत ।

लामो प्रतीक्षापछि जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)बीच एकीकरण पक्का भएको छ ।

नाउपाको शुक्रबार र शनिबार काठमाडौंमा बसेको केन्द्रीय समिति बैठकले एकताका लागि औपचारिक निर्णय गरेको हो । जनमतले यसअघि नै नाउपासँग एकीकरण गर्ने निर्णय गरिसकेको छ ।

नाउपाको बैठकले महासचिव तथा संघीय सांसद गंगाराम चौधरीको संयोजकत्वमा सुनिता चौधरी र रामलाल चौधरी सदस्य रहेको कार्यदल पनि बनाएको छ ।

दुवै दलका कार्यदलको ३ वैशाखमा कैलालीको टीकापुरमा संयुक्त बैठक बस्ने छ । बैठकले एकता प्रक्रियाका विषयमा साझा धारणा बनाएपछि दुवै दलले अनुमोदन गर्ने छन् । त्यसको केही दिनभित्रै एकता घोषणा गरिने छ । नेताहरूका अनुसार वैशाखको पहिलो हप्ताभित्र एकता प्रक्रिया टुंगिने सम्भावना छ ।

शनिबार नाउपाको केन्द्रीय समिति बैठकमा जनमत पार्टीका अध्यक्ष राउतले पनि सम्बोधन गरेका थिए ।

दुवै दलको कार्यदलले एकता प्रस्ताव तयार पार्ने छ । कार्यदलले साझा विचार, दृष्टिकोण, नीति र नेतृत्वबारे सघन छलफल गर्ने कार्यदलका संयोजक चौधरीले बताए । दुवै पार्टी पहिचान पक्षधर भएकाले एकताको ढोका खुलेको नाउपाका चौधरीले बताए ।

संसदीय राजनीतिमा दुवै दल नयाँ भएकाले मिलेर जाँदा जनताका मुद्दा स्थापित गर्न झन् सहज हुने उनले बताए । पृष्ठ २ मा

## 'बलियो शक्ति' बन्ने

पृथक्तावादी आन्दोलन छाडेर मूलधारको राजनीतिमा आएका राउतले ४ चैत २०७५ पार्टी गठन गरेका थिए ।

यस्तै, १९ पुस २०७८ मा चौधरीले नागरिक उन्मुक्ति पार्टी गठन गरेका थिए । त्यतिबेला उनी टीकापुर काण्डका प्रमुख आरोपितका रूपमा जेलमै थिए । डिल्लीबजार कारागारमै छँदा चौधरीले श्रीमती श्रेष्ठको अध्यक्षतामा पार्टी बनाएका थिए ।

जनमत र नाउपाले २०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभामा पहिलो पटक भाग लिएका थिए । २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा नाउपाले कैलालीमा राम्रै स्थान पाएको छ ।

अहिले संसद्मा जनमतका ६ सांसद छन् भने नाउपाका ४ सांसद छन् । जनमतले प्रतिनिधिसभामा राष्ट्रिय पार्टीसमेत बनेको छ । प्रदेशसभामा नाउपाका १२ सांसद छ ।

एकीकरण भएपछि पार्टीसँग सांसद संख्या १० हुने छ भने संसद्मा छैटौं दल बन्ने छ । संसद्मा अहिले नेकपा (एकीकृत समाजवादी)सँग पनि १० सांसद छन् ।

# विवाहको उमेर १८ वर्षमा झार्ने तयारी

हाल विवाहको न्यूनतम उमेर २० वर्ष छ । मुलुकी अपराध संहिता ऐन, २०७४ अनुसार २० वर्ष उमेर नपुगी कसैले विवाह गर्न वा गराउन मिल्दैन



विवाहको उमेरसम्बन्धी विधेयक संसद्को चालू अधिवेशनमै अघि बढाउनेगरी तयारी थालिएको छ । मस्यौदामा विवाहको उमेर २० वर्षबाट घटाएर १८ वर्ष राख्ने प्रस्ताव छ

■ **अजयकुमार चौरसिया**
**कानुन, न्याय तथा संसदीय मामिलामन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० चैत ।

सरकारले विवाह गर्ने न्यूनतम उमेर १८ वर्षमा झार्ने तयारी गरेको छ । यसका लागि आवश्यक ऐन संशोधन गर्न लागिएको छ ।

गृहमन्त्री रमेश लेखकका अनुसार बालबालिकासम्बन्धी ऐन संशोधनको प्रक्रिया अघि बढेको छ । यस प्रक्रियामा विवाहको उमेरको विषयमा समेत समीक्षा भइरहेको छ ।

आइतबार प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा गृहमन्त्री लेखकले ऐन संशोधनको प्रक्रिया अगाडि बढेर विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा पुगेको बताए । उक्त विधेयकमा विवाहको न्यूनतम उमेर १८ वर्ष गर्ने उल्लेख छ ।

'विवाह उमेर घटाउने कि रोमियो जुलियट लअन्तर्गत जाने भनेर छलफल चलिरहेको छ', गृहमन्त्री लेखकले भने ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया कानुन मन्त्रालयले विवाहको उमेर र सजायसम्बन्धी विधेयक यही अधिवेशनमा अघि बढाउनेगरी तयारी थालेको बताउँछन् ।

उनी भन्छन्, 'विवाहको उमेरसम्बन्धी विधेयक संसद्को चालू अधिवेशनमै अघि बढाउनेगरी तयारी थालिएको छ । मस्यौदामा विवाहको उमेर २० वर्षबाट घटाएर १८ वर्ष राख्ने प्रस्ताव छ ।'

कानुन, न्याय तथा मानवअधिकार समितिअन्तर्गत गठित उपसमितिले सुदूरपश्चिम, मधेश र लुम्बिनी प्रदेशको कारागारको अवस्थाबारे अध्ययन गरेर बुझाएको प्रतिवेदनमा पनि विवाहको न्यूनतम उमेर घटाएर १८ वर्ष बनाउनुपर्ने उल्लेख छ ।

हाल विवाहको न्यूनतम उमेर २० वर्ष छ । मुलुकी अपराध संहिता ऐन, २०७४ अनुसार २० वर्ष उमेर नपुगी कसैले विवाह गर्न वा गराउन मिल्दैन ।

'विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन', ऐनमा उल्लेख छ । ऐनमा उल्लेखित प्रावधानविपरीत भएको विवाह स्वतः बदर हुन्छ ।

२० वर्ष नपुगी विवाह गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिमाना हुने व्यवस्था छ । मुलुकी अपराध पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# स्वास्थ्य परीक्षण रिपोर्ट डिजिटलाइज गरिने
## मेडिकल व्यवसायी उत्साहित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० चैत ।

वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ परीक्षण रिपोर्ट डिजिटलाइज गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णयले मेडिकल व्यवसायी उत्साहित देखिएका छन् ।

मन्त्रालयले शुक्रबार वैदेशिक रोजगारीमा जाने कामदारको गलत रिपोर्ट दिने गतिविधिमा नियन्त्रण गर्न स्वास्थ परीक्षण रिपोर्ट डिजिटलाइज गर्ने निर्णय गरेको थियो ।

श्रममन्त्री शरत्सिह भण्डारीले पछिल्ला वर्षमा मुख्य गरेर उच्च तापक्रमले निम्त्याउने 'हिट स्ट्रेस'ले मुटु र मिर्गौलामा संक्रमण बढेको भन्दै यसमा स्वास्थ्य परीक्षण गर्ने स्वास्थ संस्था जिम्मेवार हुनुपर्ने र मेडिकल रिपोर्टको डिजिटलाइजेसनले स्वास्थ्य संस्थालाई जिम्मेवार बनाउने बताउँदै आएका छन् ।

सोहीअनुसार मन्त्रालयले १३ भदौमा डा. दीपेन्द्ररमण सिंहको नेतृत्वमा विभिन्न क्षेत्रका विज्ञ सम्मिलित ३० सदस्यीय अध्ययन कार्यदल गठन गरेको थियो । सोही प्रतिवेदन कार्यान्वयनमा ल्याउने मन्त्रालयले निर्णय गरेको हो ।

नेपाल मेडिकल व्यवसायी संघका अध्यक्ष तारानाथ अर्यालले उक्त प्रतिवेदनले वैदेशिक रोजगार क्षेत्रका सिन्डिकेट तथा कार्टेलिङ अन्त्य गर्नुपर्ने सुझाव दिएकाले त्यसको कार्यान्वयन हुँदा व्यवसायीका मुख्य माग पूरा हुने बताए ।

उनले भने, 'वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या ठूलो मात्रामा वृद्धि भएको छ । रोगका संक्रमण प्रणालीमा पनि परिवर्तन देखिएको छ तर नेपालमा विश्वको नयाँ आवश्यकताअनुसार स्वास्थ्य परीक्षणमा प्रामाणिकता नरहेको गुनासो छ । प्रतिवेदन कार्यान्वयनले स्वास्थ्य परीक्षणका कमजोरी हटाउने भएकाले हामी सरकारी निर्णय कार्यान्वयनका पक्षमा छौं ।'

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिएर ७ लाख १४ हजार २९७ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए भने चालू आर्थिक वर्षको ७ महिनामा मात्र पनि ३ लाख ५ हजार ५५२ जना वैदेशिक रोजगारीमा गएका छन् ।

कार्यदलका अध्यक्ष डा. सिंहले श्रम स्वीकृतिको प्रक्रिया पुऱ्याउन मात्र स्वास्थ्य परीक्षण भइरहेको देखिएकाले त्यसलाई रोक्न सूचीकृत स्वास्थ्य संस्थालाई पूर्ण रूपमा डिजिटलाइजेसन गर्नुपर्ने बताए ।

हाल मलेसिया केन्द्रित भएर ३६ वटा, साउदी अरेबिया कुवेत बहराइन, यूएई, ओमान र कतारका लागि १९, इजरायलका लागि ५, दक्षिण कोरियाका लागि ४ मेडिकल सेन्टरहरूलाई मात्र स्वास्थ्य परीक्षणको अनुमति दिइएको छ ।

तिनीहरूको ३/३ वर्षमा नवीकरण तथा सूचीकरण गर्ने व्यवस्था छ । तर, सूचीकरण भएका सबैले तोकिएको मापदण्डअनुसार स्वास्थ्य परीक्षण नगरेका देखिएको छ । १२ भदौ २०८० मा मन्त्रालयका उपसचिवका नेतृत्वमा भएको अनुगमनमा ६७ वटा मेडिकलको कारोबार रोक्का भएको थियो । पुनः अनुगमनका क्रममा पृष्ठ २ मा

**प्रेस चौतारीको १०औं महाधिवेशन**

# सहमतिमै नेतृत्व चुन्न एमाले महासचिव पोखरेलको निर्देशन



**मुकुन्द लामिछाने/मध्यान्ह**
विराटनगर, १० चैत ।

नेकपा एमाले निटक पत्रकारहरूको संगठन प्रेस चौतारी नेपालको १०औं केन्द्रीय महाधिवेशन आइतबारदेखि विराटनगरमा सुरु भएको छ ।

प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेतको अध्यक्षता तथा नेकपा एमालेका महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यमा सुरु भएको महाअधिवेशनमा देशभरका प्रेस चौतारी आबद्ध पत्रकारहरू भेला भएका छन् ।

महाधिवेशनको उद्घाटन गर्दै महासचिव पोखरेलले एकताबद्ध भएर सहमतिमा संगठनको नेतृत्व चयन गर्न निर्देशन दिए । संगठनलाई सानो र चुस्त बनाउन आग्रह गर्दै उनले अध्यक्ष बस्नेतले नै एकताबद्ध संगठन बनाउन नेतृत्व गरेको बताए । 'यो अवस्थामा सर्वसम्मत र एकताबद्ध रूपमा नेतृत्व निर्वाचित गर्नुहोला', उनले भने ।

उद्घाटन कार्यक्रममा प्रेस चौतारी नेपालले प्रकाशन गरेको स्मारिका विमोचन गरिएको छ भने प्रेस चौतारीले प्रदान गर्ने विभिन्न पुरस्कार पनि कार्यक्रममा प्रदान गरिएको छ । महाअधिवेशनमा देशभरका झण्डै पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
११ चैत २०८१ सोमबार
24 March 2025, Monday

# संघीय लोकतान्त्रिक गणतन्त्रप्रति दृढ रहने कांग्रेसको निर्णय

**काठमाडौं/मस-** नेपाली कांग्रेसले नेपालको संविधान र संविधानमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्ध रहने दृढता व्यक्त गरेको छ।

आइतबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संविधानको संरक्षण, सम्वर्द्धन र कार्यान्वयनमार्फत मुलुकलाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त, सामाजिक विकृति र विसंगतिबाट मुक्त बनाउँदै जनताको निरन्तर प्रगतिको अपेक्षा र आवश्यकता सम्बोधन गर्न सकिन्छ विश्वास व्यक्त गरेको हो।



बैठकले यही विश्वास साथ अघि बढ्नु नै अहिलेको मुख्य राष्ट्रिय जिम्मेवारी ठान्दै यसका निम्ति आवश्यक अग्रसरता लिने निर्णय गरेको पार्टीका कार्यवाहक मुख्यसचिव डा.प्रदीप पराजुलीले जानकारी दिए। सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकमा महामन्त्री गगनकुमार थापाले विभिन्न प्रस्तावहरू प्रस्तुत गरेका उनले बताए।

बैठकले पार्टीको विदेशस्थित जनसम्पर्क समितिमा कांग्रेसको क्रियाशील सदस्यता र जनसम्पर्क समितिको सदस्यता गरी दुई किसिमका सदस्य रहने व्यवस्था गरेको कार्यवाहक मुख्यसचिव डा.पराजुलीले बताए।

नेपाली जनसम्पर्क समितिको अध्यक्ष, पदाधिकारी वा सदस्य नेपाली जनसम्पर्क समितिको विधानमा व्यवस्था भएबमोजिम क्रियाशील सदस्य वा जनसम्पर्क समितिको सदस्यता प्राप्त गरेको सदस्यमध्येबाट चयन हुनसक्ने निर्णय गरिएको छ। उक्त व्यवस्थाअनुसार जनसम्पर्क समितिको सदस्यता प्राप्त गर्न गैरआवासीय नेपाली परिचयपत्र वा गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका व्यक्ति समेतलाई बाधा नपुग्ने निर्णय गरिएको छ।

यस्तै, जनसम्पर्क समितिको अध्यक्ष स्वतः महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य हुने व्यवस्था हटाइएको छ। यो व्यवस्था लागू हुनुपूर्व क्रियाशील सदस्यता प्राप्त गरेका त्यस्ता नागरिकहरूको हकमा निजहरूले प्राप्त गरेको क्रियाशील सदस्यता जनसम्पर्क समितिको सदस्यतामा रूपान्तरित हुनेछ। साथै, निजले प्राप्त गरेको साविकको क्रियाशील सदस्यतालाई सोही अवधिदेखि पार्टीमा संलग्नताको निरन्तरतामा समेत गणना गरिने निर्णय भएको पराजुलीले जानकारी दिए।

पार्टी केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा १४ जना र केन्द्रीय महासमिति सदस्य तोक्दा छ जनाभन्दा बढी तोक्न सक्ने व्यवस्था गरिएको छ।

कांग्रेसले पार्टीको महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य निर्वाचित हुन अनिवार्य क्रियाशील सदस्य हुनुपर्ने निर्णय गरेको छ। बैठकले पार्टीको नियमावलीमा आवश्यक संशोधनसमेत गरेको छ।

यसैगरी कांग्रेसले यही चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनको प्रतिस्पर्धामा धेरै क्याम्पसमा विजय हासिल गरेर पहिलो स्थान हासिल गर्न सफल भएकामा नेपाल विद्यार्थी संघलाई बधाई ज्ञापन गर्दै विजयी सम्पूर्ण विद्यार्थीलाई कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्न शुभकामना व्यक्त गरेको छ।

पार्टीले सिरहाको औरही गाउँपालिका-५ मा विष्णु महायज्ञ आयोजना गर्ने सन्दर्भमा स्थानीय दलित समुदायका दीपक मरिकको घर भत्काउने कार्य सामाजिक रूपमा निन्दनीय र कानुनी रूपमा दण्डनीय अपराध भएको उल्लेख गर्दै उक्त घटनाका दोषीमाथि कारबाहीको माग गरेको छ।

बैठकले नेपाली कांग्रेस (बिपी) को साधारण सदस्यतासमेत परित्याग गरी पार्टीमा समाहित भएका हरिबोल भट्टराई, पुष्पराज पराजुली, गोविन्द शर्मा पौडेललगायत १२ जनालाई पार्टीका विभिन्न पदमा गरिएको मनोनयनलाई अनुमोदन गरेको छ। बैठकमा सहमहामन्त्रीहरू फरमूल्लाह मन्सुर, महेन्द्र यादव र जीवन परियार तथा केन्द्रीय सदस्यहरू विमलेन्द्र निधि, अर्जुननरसिंह केसी, प्रवक्ता डा.प्रकाशशरण महत, डा.शेखर कोइराला, बलबहादुर केसी, ज्ञानेन्द्रबहादुर कार्की, डा.नारायण खड्का, सुजाता कोइराला र एनपी साउँदले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

# ‘सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन सुशासन प्रवर्द्धन ऐन ल्याइएको हो’

**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुकमा सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा बाधा देखिएका विद्यमान ऐन संशोधन गर्न सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक ल्याएको स्पष्ट पारेका छन्।



राष्ट्रियसभाको बैठकमा ‘प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्तावमाथिको छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै मन्त्री गुरुङले भने, ‘विधेयकमा अत्यन्त सकारात्मक र राम्रा प्रावधान समेटिएका छन्, यसले सेवा प्रवाह अझ प्रभावकारी बन्छ, यसमा विरोध गर्नुपर्ने कुनै ठाउँ नै छैन।’

सुशासन कायम तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह आजको आवश्यकता भएको उल्लेख गर्दै मन्त्री गुरुङले प्रस्तुत विधेयकलाई पारित गरेर सहयोग गर्न आग्रह गरे।

सैद्धान्तिक छलफलमा सांसदहरु डा बेदुराम भुसाल, कृष्णबहादुर रोकाया, तुलसाकुमारी दाहाल, गोपीबहादुर सार्की अछामी, तुलप्रसाद विश्वकर्मा, युवराज शर्मा, इन्दिरादेवी गौतम, गंगाकुमारी बेल्वासे, राजेन्द्रलक्ष्मी गैरे, डा अञ्जान शाक्य, तारामान स्वाँर, भुवनबहादुर सुनार, गोपाल भट्टराई, रेणु चन्द, विष्णुबहादुर विश्वकर्मा, शारदादेवी भट्ट, सुरेशकुमार आले मगर र श्रीकृष्णप्रसाद अधिकारीले भाग लिएका थिए।

प्रधानमन्त्री केपी शर्मा ओलीकोतर्फबाट सञ्चारमन्त्री गुरुङले राष्ट्रियसभाको यही चैत ८ गतेको बैठकमा उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए। सो बैठकमा उक्त विधेयक प्रतिस्थापन विधेयकका रुपमा नआएको भनी प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले नियमापत्ति गरेपछि छलफल हुन सकेको थिएन। बैठकले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ। राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले सो विधेयकमाथि संशोधन राख्न चाहने सांसदले सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्नसक्ने व्यहोरा जानकारी गराए।

# पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउन सरकार क्रियाशील : ऊर्जामन्त्री



**काठमाडौं/मस-**ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले प्रविधिको प्रयोगबाट पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउन सरकार क्रियाशील रहेको बताएका छन्।

‘सबैका लागि समयमै पूर्वसूचना’ नाराका साथ जल तथा ऊर्जा आयोगको सचिवालयले विश्व मौसम दिवसका अवसरमा आइतबार आयोजना गरेको कार्यक्रममा उनले विपद्को जोखिम घटाउन पूर्वसूचना प्रणाली अपरिहार्य भएकाले प्रविधिको प्रयोग गरेर पूर्वसूचना प्रणालीलाई सुदृढ बनाउन सरकार लागेको बताए।

मौसमसम्बन्धी देशको पूर्वानुमान प्रणालीलाई सबल बनाउन ‘राडार तथा सेटेलाइट’ प्रविधिको प्रयोगलाई सरकारले विस्तार गरिरहेको बताउँदै उनले मोबाइल फोनका माध्यमबाट सम्भावित जोखिम घटाउन ग्रामीण भेगसम्म पूर्वसूचना सेवा विस्तार गरिएको जानकारी दिए।

मन्त्री खड्काले जल तथा मौसम विज्ञान विभागको नेतृत्वमा च्छोरोल्पा र इम्जा हिमतालको जलस्तर घटाउने काम सफलतापूर्वक सम्पन्न भएको बताउँदै यस्ता कार्यले हिमतालजन्य बाढी जोखिम न्यूनीकरणमा सहयोग पुगेको उल्लेख गरे।

मुलुकका जलविद्युत् परियोजना, सिँचाइ योजना र दैनिक उपभोगका लागि उपलब्ध पानीको स्रोतको मुख्य आधार हिमनदी भएकाले जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्दै हिमनदीहरूको संरक्षण, पूर्वसूचना प्रणालीको सुदृढीकरण र जोखिम घटाउनु सरकारको पहिलो प्रमुख प्राथमिकता भएको बताए।

जल तथा मौसम विज्ञान सेवा सञ्चालनका लागि नीतिगत व्यवस्था नभएकामा मन्त्रालयको नेतृत्वमा जल तथा मौसम विज्ञान नीति, २०८१ त लागू गरिएको मन्त्री खड्काले बताए। उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले जल तथा मौसम विज्ञान विभागको सेवालाई विस्तार मन्त्रालयको प्राथमिकता रहेको बताइन्। आयोगका सचिव मधुप्रसाद भेटुवालले जल तथा मौसम सेवा, जलवायु अनुकूलन र हिमनदी संरक्षणको क्षेत्रमा सरकारले विभिन्न निकायसँगको सहकार्यमा काम गरिरहेको बताए।

# काभ्रेको मण्डनदेउपुर र जापानको फुजिनोमिया शहरबीच भगिनी सम्बन्ध

**काभ्रे/मस-** काभ्रेको मण्डनदेउपुर नगरपालिका र जापानको फुजिनोमिया नगरबीच भगिनी सम्बन्ध स्थापना भएको छ।



भगिनी सम्बन्धका लागि मण्डनदेउपुरको विशेष निमन्त्रणामा जापानको फुजिनोमिया नगरका मेयर हितेतादा सुदो तथा नगर प्रमुख टोकबहादुर वाइबाले सम्झौतापत्रमा आइतबार हस्ताक्षर गरेका छन्।

दुवै मेयरले भगिनी सम्झौताले मण्डनदेउपुर र फुजिनोमिया नगरबीच धार्मिक, सांस्कृतिक तथा पर्यटकीय साझेदारीलाई सशक्त बनाउने विश्वास व्यक्त गरे। मेयर सुदोले नेपाल विशेषगरी काभ्रेपलाञ्चोकको सांस्कृतिक सम्पदाप्रति विशेष चासो व्यक्त गर्दै यो सम्बन्धले दुई नगरबीच आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउने बताए।

## दैनिक...

भने केही जेष्ठ नागरिक पनि छन्। यो त प्रहरीमा उजुरी पर्नेहरूको हिसाब मात्र हो। यसरी हराएकामध्ये आधाभन्दा धेरै मान्छेहरू फेला पर्न नसकेका प्रहरीले आफ्नो तथ्यांकमा उल्लेख गरेको छ। आखिर यति धेरै मानिसहरू कसरी हराउँछन् र किन भेटिँदैनन्? आमसमाजमा यो प्रश्न जति गम्भीर छ, सम्बन्धित घर परिवारका लागि त्यत्तिकै अप्रिय पनि छ।

देशभरबाट आर्थिक वर्ष २०७८/०७९ देखि चालू आर्थिक वर्ष (साउन-माघ)को ७ महिनासम्म ५५ हजार ३५६ मानिस हराएका छन्। सोही समयमा बेपत्ता भएका ३१ हजार ४१ जना फेला परेका प्रहरीले मध्यान्हलाई तथ्यांक उपलब्ध गराएको छ।

सो ३ वर्ष ७ महिनाको तथ्यांकअनुसार २१ हजार ९९० महिला, २१ हजार ७७४ बालबालिका, १० हजार ९४१ पुरुष र ६५१ जेष्ठ नागरिक हराएका छन्। यो अवधिमा १२ हजार ६५४ महिला, १२ हजार २३८ बालबालिका, ५ हजार ७२९ पुरुष र ४२० जेष्ठ नागरिक गरी जम्मा ३१ हजार ४१ जना व्यक्तिहरू फेला परेका छन्। २४ हजार ३१५ जना भेटिएका छैनन्।

यसरी हेर्दा मासिक औसत १ हजार २०० देखि १ हजार ३०० मान्छे हराउने र ७०० देखि ८०० भेटिन्छन्। बाँकी ५०० देखि ६०० व्यक्तिहरू कहाँ जान्छन्?

अझै दैनिक हेर्दा औसत ४५ मान्छे हराउँदा २७ भेटिने गरेका छन्। बाँकी दैनिक १८ जना मान्छेहरू कहाँ जान्छन्? अहिलेसम्म पत्तो छैन। यसरी हराएका भनिएका व्यक्ति कहाँ जान्छन् त? यकिन जवाफ प्रहरीसँग पनि छैन।

तीमध्ये अधिकांश काठमाडौंबाटै हराएको देखिन्छ। सूचना र सम्पर्कका साधनहरू सहजै उपलब्ध हुँदा पनि कसरी मान्छे हराउँछन् र भेटिँदैनन्? कतिपय व्यक्ति हराएको भन्दै परिवारले उजुरी गर्ने तर फर्किएर आएपछि प्रहरीलाई जानकारी नगराउँदा पनि खोज्न समस्या हुने गरेको प्रहरीको भनाइ छ।

‘हराएका व्यक्तिहरू फेला परेपछि प्रहरीलाई खबर नगर्ने, अवैध बाटोबाट वैदेशिक रोजगारमा जाने र परिचय लुकाएर रोजगारमा संलग्न हुने गरेका कारण बेपत्ता हुनेको संख्या बढी देखिन्छ’, नेपाल प्रहरीका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले भने, ‘धेरै मान्छे अवैध बाटोबाट वैदेशिक रोजगारमा जाने र परिचय लुकाएर बस्ने गरेका छन्। कोही फर्केपछि भेटिएको सूचना प्रहरीसम्म पुग्दैन। कतिपय महिला आफूले गर्दै आएको कामबारे खुलाउन चाहँदैनन्। उनीहरू आफ्नो परिचय ढाँटेर बसेका कारण पनि फेला नपर्नेको संख्या बढी देखिएको हो।’

हराएको व्यक्तिको पहिचानका लागि प्रहरीको अनुसन्धान ब्युरोले निरन्तर खोजी कार्य जारी राखेको प्रवक्ता आचार्यले बताए। अवैध रूपमा वैदेशिक रोजगारमा जाने महिला तथा युवाहरूको रेकर्ड प्रहरीमा समेत नहुने प्रहरी स्रोतको भनाइ छ। तर, हरेक वर्ष हजारौं व्यक्ति हराएका भन्दै प्रहरीमा उजुरी पुग्नु र ठूलो हिस्सा नभेटिनुलाई गम्भीर समस्याका रूपमा लिइने सुरक्षा तथा अपराध अनुसन्धानका विज्ञहरू बताउँछन्।

‘एक त व्यक्तिको जीवनको सवाल छ, अर्कातिर हराएकाहरूबाट लुकिछिपी अवैध धन्दा र बढ्दो मानव तस्करीको पनि आशंका रहन्छ। त्यसैले, घर परिवारदेखि राज्य पक्षसम्म सबै गम्भीर बन्नुपर्ने देखिन्छ’, नेपाल प्रहरीका पूर्व प्रहरी नायब महानिरीक्षक रमेश खरेलले बताए।

अधिकांश परिवारले शंका गरेकै व्यक्तिसँग भागेर लुकिछिपी बसेकासमेत भेटिने गरेको प्रहरीको भनाइ छ। घरायसी खटपट, महिला हिंसा, परपुरुषसँगको सम्बन्धका कारणले व्यक्ति हराउने गरेको प्रहरी अनुसन्धानले देखाएको छ। केही ‘डिप्रेसन’का रोगी पनि परिवारलाई थाहै नदिई भागेका घटना रहेको प्रहरीको भनाइ छ।

## जनमत...

पार्टीभित्र अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरीबीच एकताका विषयमा मतभेद देखिएपछि एकीकरण प्रक्रिया अनिश्चित बनेको थियो। अध्यक्ष श्रेष्ठ तत्काल एकता नगर्ने पक्षमा थिइन् भने संरक्षकले एकताका लागि जनमतका अध्यक्ष डा. सीके राउतसँग पटकपटक छलफल गरेका थिए। तर, २ दिनसम्म चलेको केन्द्रीय समितिको बैठकमा अधिकांश सदस्यहरू एकताको पक्षमा उभिएपछि अध्यक्ष श्रेष्ठले अन्ततः एकता गर्न सहमति जनाएकी हुन्।

यद्यपि, दुवै दलले एकतापछि एकीकृत पार्टीको अध्यक्ष, पार्टीको नाम र चुनाव चिह्नका विषयमा मोटामोटी टुंग्याइसकेका छन्। एकीकृत पार्टीले नाउपाको ‘ढकिया’लाई चुनाव चिह्न बनाउनेगरी छलफल अगाडि बढाएका छन्। जनमतको चुनाव चिह्न ‘हर्न’ हो।

अनौपचारिक सहमतिअनुसार एकीकृत पार्टीको नेतृत्व राउतले नै गर्ने छन् भने प्रमुख संरक्षक चौधरी रहने छन्। श्रेष्ठ सहअध्यक्ष रहने छन्।

**भट्टराईको ‘इन्ट्री’**

जनमत र नाउपाको एकीकरण प्रयासमा डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)को पनि प्रवेश भएको छ।

केन्द्रीय समिति बैठकमा भट्टराईको पार्टीकी उपाध्यक्ष मानुषी यमी भट्टराई पनि पुगेकी थिइन्। उनले पनि बैठकलाई सम्बोधन गरेकी थिइन्। बैठकमा बोल्दै उनले आफू अध्यक्ष भट्टराईको सन्देश लिएर आएको बताएकी थिइन्।

एकता हुन लागेकाले नाउपाको केन्द्रीय समिति बैठकमा राउत उपस्थित हुनु र सम्बोधन गर्नु सामान्य मानिए पनि भट्टराई नेतृत्वको दलको प्रतिनिधिसमेत सहभागी भएपछि जनमत-नाउपा एकतामा भट्टराईको प्रवेश अर्थपूर्ण मानिएको छ।

यसै वर्ष महाधिवेशन गरेको भट्टराईको दलले अहिलेका प्रमुख र पुराना भनिएका दलहरूलाई ‘बाइकट’ गर्दै नयाँ भनिएका रास्वपा, जनमत, नाउपा र विवेकशील साझा पार्टीलगायतलाई मात्र निम्तो दिएका थिए।

महाधिवेशनपछि भट्टराईको दलले गति लिन नसकेको र पार्टी पनि कमजोर बन्दै गइरहेको अवस्थामा उनले जनमत-नाउपाको एकतामा आफ्नो भूमिका पनि खोजेको हुने सक्ने आँकलन गरिएको छ।

डा. भट्टराईले आफूसँग गरेको कुराकानीलाई उद्धृत गर्दै शनिबार पार्टी बैठकमा चौधरीले भने, ‘रेशमजी, तपाईं र सीकेजी जोडिँदै जानुस्। म पछिपछि आउँछु।’

## विवाहको ...

संहिता ऐन, २०७४ कार्यान्वयनमा आउनुअघि बिहे गर्न पाउने न्यूनतम उमेर महिलाको हकमा १८ र पुरुषको हकमा २० वर्ष थियो।

मुलुकी अपराध संहिता ल्याउँदा समानताको हिसाबले पनि महिला र पुरुष दुवैको उमेर बराबर होओस् भनेर कानुनमा २० वर्ष उमेर हद राखिएको थियो। महिलाको प्रजनन स्वास्थ्य ख्याल गरेर पनि यसको वकालत भएको थियो। २० वर्षमुनिका महिला प्रजनन स्वास्थ्यका लागि त्यति सक्षम हुँदैनन् भन्ने तर्कका आधारमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष कायम गरिएको थियो।

७ वर्ष पछाडि फेरि महिला र पुरुष दुवैको विवाह गर्ने न्यूनतम उमेर १८ वर्ष कायम गर्ने तयारी सरकारले गरेको हो।

## स्वास्थ्य...

केही मेडिकल नवीकरण तथा सूचीकरण भएका थिए तर अझै केही मेडिकल नवीकरण तथा सूचीकरण भएका छैनन्। तिनीहरूले कारबाही फुकाउन विभिन्न सम्बन्ध सूत्र प्रयोग गरेर मन्त्रालय धाउने गरेका बताइएको छ।

संघका महासचिव कृष्णप्रसाद बजगाईंले डा. सिंहको प्रतिवेदन कार्यान्वयन हुँदा सूचीकृत २१२ संस्थाले व्यवसाय गर्ने समान अवसर पाउनुपर्ने आफूहरूको माग रहेको बताए। उनले प्रतिवेदन कार्यान्वयनमा लैजाँदा संस्थाहरूमा आइरिस बायोमेट्रिकको व्यवस्था, कामदारको नाम अनलाइन दर्ता, संघीय संरचनाअनुसार सबै क्षेत्रमा मेडिकल संस्थाको विस्तार पनि आवश्यक रहेको बताए।

## सहमतिमै...

१ हजार पत्रकार उपस्थित भएका छन्। मंगलबारसम्म चल्ने महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ।

महाधिवेशन सुरु हुनुअघि नै चौतारीको अध्यक्षसहितका आकांक्षीहरू मैदानमा देखिन थालेका छन्। चौतारीको अध्यक्षका लागि वर्तमान उपाध्यक्ष राजेश राई र गणेश पाण्डेले दाबेदारी पेस गर्ने तयारी गरेका छन्।

यसैबीच प्रेस चौतारी नेपालले नेपाल प्रेसका प्रधानसम्पादक मात्रिका पौडेललाई हृदयचन्द्रसिंह प्रधान स्मृति पत्रकारिता पुरस्कारबाट सम्मानित गरेको छ। नेपाली साहित्यका अग्रज साहित्यकार तथा कवि हृदयचन्द्रसिंह प्रधानको स्मृतिका स्थापित यो पुरस्कारबाट यसअघि नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँले, वरिष्ठ पत्रकारहरू शम्भु श्रेष्ठ, गोपाल बुढाथोकी, तीर्थ कोइराला, अखण्ड भण्डारीलगायत पुरस्कृत भइसकेका छन्।

यस्तै, हेमन्त पौडेललाई अग्निशिखा स्मृति, शान्ति गुरुङलाई डा. शान्ति पाण्डे प्रेस चौतारी महिला पत्रकारिता, लालबाबु शेख र रिमा सोमैलाई वीरेन्द्रकुमार शाह क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको छ।

यसैगरी, टपेन्द्र कार्की र मालती केसीलाई डेकेन्द्र थापा स्मृति पत्रकारिता, उषा तामाङ र रोशनी कठेतलाई सावित्रीदेवी-पद्यलक्ष्मी बस्नेत स्मृति तथा गार्डेन राई र हरिश चन्द्रलाई चन्द्र न्यौपाने शान्तिराम कार्की स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ।

# मधेश प्रदेश समन्वय परिषद् कतारको बृहत् इफ्तार कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १० चैत

मधेश प्रदेश समन्वय परिषद् कतारले आयोजना गरेको दावत ए इफ्तारी कार्यक्रम सम्पन्न भएको छ। मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमादानको अवसर पारेर रोजा बसेका रोजेदार मुस्लिम धर्मालम्बीहरुका लागि मुन्तजामा रहेको गोरखाली रेस्टुरेन्टको हलमा शुभकामना आदान-प्रदानसहित इफ्तार कार्यक्रम सम्पन्न भएको हो।



आइतबार सम्पन्न कार्यक्रमको उद्घाटन कुरान तिलावात (मौलाना जनाव) बाट गरिएको थियो। परिषद्का अध्यक्ष मोहमद नियाज शेखको सभाध्यक्षता तथा नेपाली नियोग कतारका प्रथम सचिव कृष्ण कुमार सुबेदीको प्रमुख आतिथ्यतामा इफ्तार कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा एनआरएनए आइसीसीका उपाध्यक्ष राज रेग्मी, एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टसहित वैचारिक संगठन, प्रदेश, सामुदायिक र जिल्ला संस्थाका प्रमुखहरू तथा प्रतिनिधिहरुको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो।

रमजानको महत्वका बारेमा गुरु तथा वक्ताहरूले झूटो नबोल्नु, शान्तिले बस्नु र गरिब तथा दीन दुःखीलाई दान र दया गर्नु रमजानको विशेषता रहेको बताएका थिए। रमजान महिना गरिब, दिन दुःखी र असहायका लागि नराम्रो नहोस् भन्ने दृष्टिकोणबाट अल्लाहले इस्लाम धर्ममा यस महिनाका लागि विशेष व्यवस्था गरेको धारणा राखेका थिए।

वक्ताहरूले नेपाली दूतावासले पनी इस्लामिक आस्थावानहरुको सम्मानमा इफ्तार कार्यक्रम गर्नुपर्ने आवश्यकता औंल्याउँदै नजिकिँदै गरेको इद उल फित्रको शुभकामना दिएका थिए।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुवेदीले दूतावासले कुनै पर्व नमनाउने तर हल उपलब्ध गराउने गरेको स्मरण गराएका थिए। उनले समाजले आग्रह गरेको खण्डमा इफ्तार कार्यक्रमका लागि हल उपलब्ध गराउनेतर्फ छलफल गर्न सकिने स्पष्ट पार्दै शुभकामना ज्ञापन गरेका थिए।

कार्यक्रममा उपस्थितलाई उपाध्यक्ष कलाम हुसेन खानले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए। महासचिव तेजीलाल मण्डलले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष शेखले इफ्तार कार्यक्रममा जोडिनेहरूप्रति आभार व्यक्त गरेका थिए।

इस्लाम धर्मावलम्बीहरूले यस महिनालाई धार्मिक ग्रन्थ कुरआन अवतरण भएको सबैभन्दा पवित्र महिनाको रूपमा मान्ने गरिन्छ। रोजाका पहिलो १० दिनको अवधिलाई बरक्कत (फलिफाप), दोस्रो १० दिनको अवधिलाई रहमत (दया-माया) र अन्तिम १० दिनको अवधिलाई मगफिरत (अल्लाहबाट माफी) पाउने गरी रोजा बस्ने गर्दछन्।

# ‘देश विकासको गतिमा बढेको छ’



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले सयम परिवर्तन हुँदै विकासको गतिमा देश अगाडि बढेको बताएका छन् । राष्ट्रिय युवा संघ नेपालले आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्रीले भने, ‘समस्याहरू छन् । तिनको कारण र समाधान पनि छ ।’ उनले आफूले नै डिजिटल नेपालको नारा दिएको र त्यसले प्रविधिको क्षेत्रमा ठूलो परिवर्तन ल्याएको बताए ।

‘हामीले थुप्रै मेडिकल कलेजहरू बनायौं, प्रत्येक पालिकामा आधारभूत तहका अस्पताल बनाउने भनेर अगाडि बढायौं । कतिपय बनिसकेका छन् भने कति तयार हुने क्रममा छन् । त्यसले नेपालको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन ल्याउने छ । सरकार शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर अगाडि बढेको छ,’ उनले भने, ‘हाम्रा छोरीहरूले विशेषज्ञ चिकित्सकको सपना देख्नुभएको छ । त्यो बन्ने प्रतिक्षामा हुनुहुन्छ । कतिले अहिले विशेषज्ञ भएर सेवा गरिरहनुभएको छ, यो अहिलेको समयको उपलब्धि हो । हामी भावनात्मक ढंगले चल्नु हुँदैन । अहिले जति पनि समस्याहरू छन् । ती विकासको गतिसँगै आएका हुन्, त्यसलाई व्यवस्थित गरी हामी अगाडि बढ्नुपर्छ ।’

प्रधानमन्त्री ओलीले उद्यमशीलताबाट मात्रै रोजगारीका अवसर सिर्जना र कृषिको आधुनिकीकरणबाट मात्रै उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने भएकोले त्यसमा लाग्न आग्रह गरे । कार्यक्रममा चिकित्सा, कानुन, विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बद्ध करिब १ सय ४० युवाको सहभागीता थियो । उनीहरुले आफ्ना क्षेत्रको अवस्था र समस्या राखेका थिए । प्रधानमन्त्रीले आफ्नो क्षेत्रमा केन्द्रित भएर ठोस रूपमा प्रतिवेदन ल्याउन आग्रह गरे । त्यसलाई सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा समेटेर लाने प्रतिबद्धता उनले व्यक्त गरे ।

# जुवेलमा घुम्ती शिविर : नेपाली श्रमिकले पाए सेवा



**साउदी/मस–** साउदी अरबको जुवेल सहरमा नेपाली राजदूतावासले २ दिने घुम्ती शिविर सम्पन्न गरेको छ । रियादबाट टाढा रहेका नेपाली श्रमिकहरूको सहजताका लागि २०८१ चैत ८ र ९ गते (२१-२२ मार्च २०२५) मा आयोजित शिविरले हजारौं श्रमिकहरूलाई राहत दिएको छ । शिविरमा १,०२५ जनाले विद्युतीय राहदानी (इ-पासपोर्ट) को लागि प्रत्यक्ष दर्ता गराएका थिए । यसका साथै रोजगारदाताले बहिर्गमन भिसा(एक्जिट भिसा) प्रक्रिया पूरा नगरेका १० जनाले नेपाल फर्किनका लागि आवश्यक फारम भरेका थिए ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् साउदी अरब र अन्य सामाजिक संस्थाहरूको सहयोगमा राजदूतावासले शिविर आयोजना गरेको थियो । शिविरबाट प्राप्त सेवा शुल्कले करिब ७६ लाख नेपाली रुपैयाँ (२०६,५०० साउदी रियाल) राजस्व संकलन भएको छ ।

विशेषगरी कम आय भएका, रियादसम्म जान नसक्ने र बिदाको अभावमा सेवा लिन नसकेका श्रमिकहरूका लागि यो शिविर प्रभावकारी सावित भएको छ । श्रमिकहरूकै कार्यस्थलमा पुगेर सेवा दिने राजदूतावासको यो पहलले श्रमिकहरूलाई ठूलो सहयोग पुर्‍याएको छ ।

राजदूतावासले शिविर सफल पार्न सहयोग गर्ने सबै संघसंस्था, स्वयंसेवक र पदाधिकारीहरूलाई धन्यवाद दिएको छ । साथै, आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

# ‘सरकारको लगानीमा मात्र बीमा सेवा दिन सक्ने अवस्था छैन’



**सपना बोहरा/मध्यान्ह**
दाङ, १० चैत

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सरकारको लगानीमा मात्रै जनतालाई बीमा सेवा निरन्तरता दिन सक्ने अवस्था नभएको बताएका छन् । ‘स्वास्थ्य बीमा निरन्तरताको लागि नागरिकको योगदानको आवश्यक देखिएको छ’ नेपाली कांग्रेस दाङले आइतबार घोराहीमा आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले भने ‘नागरिकको लगानीको आधारमा स्वास्थ्य बीमा प्रणालीको विकल्प छैन ।’

सरकारले बीमाका लागि छुट्याउने रकमको तेब्बरले खर्च बढेकोले यस्तो विकल्प खोज्नु परेको उनले बताए । ‘बीमा रकमको खर्च अहिलेको अवस्थामा धान्न सक्ने छैन’मन्त्री पौडेलले भने,‘स्वास्थ्य बीमाका क्षेत्रमा धेरै नै विकृति भएको गुनासोहरू आइरहेका छन् ।’ जनताको पहिलो आवश्यकता स्वास्थ्य सेवा भएको बताउँदै मन्त्री पौडेलले अस्पतालले नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने बताए । अस्पतालले फार्मेसीमा औषधी राख्नुपर्ने, सबै सेवा सरकारी अस्पतालबाट दिनुपर्ने बताएका थिए । सूर्ती र मदिराबाट उठ्ने करको ५० प्रतिशत रकम, सरकारी क्षेत्र र विभिन्न संघसस्थामा काम गर्नेहरुले दुई प्रतिशत बीमा बोर्डमा जम्मा गर्न सक्ने अवस्था भए अहिले बीमा क्षेत्रमा देखिएको समस्या हट्न सक्ने उनले बताए । नेपाली कांग्रेस दाङका सभापति शंकरप्रसाद डाँगीको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति कमानसिंह भारतीको स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमको सहजीकरण सचिव बालिका लम्सालले गरेकी थिइन् ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: वि.स. १९९९ बैशाख ८ गते
स्वर्गारोहण मिति: वि.स. २०८१ फागुन २८ गते

**स्व. कर्ण प्रसाद घिमिरे**

यस प्रा. लि. का एक्जुकेटिभ मेनेजर श्री गणेश प्रसाद घिमिरेज्यू वहाँका दाइहरु राम प्रसाद घिमिरे र गोविन्द प्रसाद घिमिरेका पूजनीय पिता, मिथिला नगरपालिका- ११, तुलसी जिरैडाँडा निवासी **श्री कर्ण प्रसाद घिमिरे** ज्यूको ८२ वर्षको उमेरमा असमायिक निधन भएकोमा यस गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि. परिवार अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । स्वर्गीय घिमिरेको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा पिताजीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकको यस घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सिंग मगर
संचालक एवम्
**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि. परिवार**


# सिरिजंघा महोत्सव वैशाखमा हुने




**काठमाडौं/मस–**कंचनजंघा हिमाल र नवनिर्मित कंचनजंघा साहसिक पदमार्गको प्रचारप्रसार गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देष्यका साथ ताप्लेजुङको सिरीजंघा गाउँपालिका सिरीजंघा पर्यटन महोत्सव २०८२ को तयारीमा जुटेको छ ।

आगामी १३ वैशाखदेखि १५ गतेसम्म कंचनजंघा साहसिक पदमार्गमा पर्ने ३३ सय मिटरको उचाइमा रहेको नयाँ झोरेनीमा आयोजना हुने उक्त महोत्सवको आधिकारिक लोगो र प्रोमो पनि सार्वजनिक गरिएको छ । भिडियो प्रोमो मुन्धुम फिल्मस् युट्युब च्यानलबाट सार्वजानिक भएको छ । सिरीजंघा गाउँपालिकाका अध्यक्ष लालकृष्ण चौहानले पर्यटन प्रवर्द्धन, जलवायु परिवर्तनको असरवारे सचेतना र पालिकाको आर्थिक समृद्धिको लागि सिरीजंघा पर्यटन महोत्सव २०८२ कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

सिरीजंघा पर्यटन महोत्वसअन्तरगत जलवायु परिवर्तनको असरबारे अध्ययन गर्न ५-१३ वैशाखसम्म कंचनजंघा साहसिक पदमार्ग अवलोकन कार्यक्रम, १४ र १५ वैशाखमा स्थानीय याक, चौरी प्रवर्द्धन तथा प्रर्दशन, १५ बैशाखमा कंचनजंघा साहसिक हाफ म्याराथन प्रतियोगिता-२०८२ र सोही दिन बेलुका कला, साहित्य तथा संगीत कार्यक्रम आयोजना गरिने छ ।


## कुवेतमा रोजगार

कम्पनी: WORKS & BUILDING CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१२/१० चलानी नं.: ६०२३४९५० LT. No.: 320758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Labor | 14 | 0 | स. काममा दक्ष | 90 | ४०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्होने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्होने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्होने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्होने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योर्होने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्होने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्होने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८

## Saudi मा रोजगार

Manarat of Vision for Contracting Est
पूर्व स्वीकृती मिति: २०८१/१२/३ चलानी नं.: ६०२३४९७६ LT No.: 320166

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Excavator Operator | 5 | 0 | [illegible] | 1500 | ५५,३००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्योर्होने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योर्होने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्योर्होने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योर्होने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता : २०८१ चैत्र १८ गते (31 March, 2025) यस प्रा. लि. को कार्यालय स्यूचाटार कलंकीमा हुनेछ ।**

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत नं. ५६४/०६२/०६३
स्यूचाटार, कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०३

## CYPRUS मा रोजगार

कम्पनी: PRIVATE EMPLOYMENT AGENCY LICENSE NO. 105 शहर: NICOSIA
पूर्व स्वीकृत मिति: २०८१/१२/१० चलानी नं.: ६०२३४९७९ L.T. No.: 320840

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ५९,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्होने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्होने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्होने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्होने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योर्होने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्होने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्होने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CROWN OVERSEAS CONSULTANCY PVT. LTD. Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

## कुवेतमा रोजगारको अवसर

कम्पनी : KATARA SWEETS AND PASTRIES शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१०/१८ चलानी नं.: ६०२१४१७२ L.T. No.: 299205 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 16 | 4 | स. काममा दक्ष | 90 | ४०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्होने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्होने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्होने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्होने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योर्होने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्होने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्होने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.** श्रम इजाजत नं. २९९/०५८/५९
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com



## श्री अमर शहिद आधारभूत विद्यालय

भीमदत्त न.पा. १८ , कन्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/११

यस विद्यालयबाट मिति २०८१/११/१ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको लागि तोकिएको म्याद भित्र PPMO को eGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु यस विद्यालयको बोलपत्र मूल्यांकन समितिले मूल्यांकन गरि तपशिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित भइ स्विकृतीको लागि पेश भएकोले सार्वजानिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको बिवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र पि एस बाहेक) |
|---|---|---|---|---|
| 1. | 01/CABA/NCB/ 2081/082 | Construction of 2 Story-4 Class Room Academic Building | Dristi Infrastructure Pvt. Ltd. Bheemdatt Mun- 1, Kanchanpur | 47,22,523.70 |

प्रधानाध्यापक

## श्री महेश्वर माध्यमिक बिद्यालय

भीमदत्त न.पा. १०, कन्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/११

यस बिद्यालयबाट मिति २०८१/११/१ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिमको ठेक्काको लागी तोकिएको म्याद भित्र PPMO को eGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु यस विद्यालयको बोलपत्र मुल्यांकन समितिले मुल्यांकन गरि तपशिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही न्यूनतम मुल्याङ्कित भइ स्वीकृतिको लागी पेश भएकोले सार्वजानिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको बिवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र पि एस बाहेक) |
|---|---|---|---|---|
| 1. | 01/CAB-MS/ NCB/2081/082 | Construction of Academic building | Dristi Infrastructure Pvt. Ltd. Bheemdatt Mun- 1, Kanchanpur | 47,55,693.52 |

प्रधानाध्यापक

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशन मिति: २०८१/१२/११

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

तपसिल:

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/NCB/ WORK/2081/082-09 | Construction of 1000 MT Vegetable and Fruits Cold Store | NRs. 19,00,000/- | NRs 5,000/- |
| बैङ्क खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002<br>Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002 | | |

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# सुखद प्रयास

संसद् गणितीय रूपमा जटिल बनोटका हुँदा सरकारहरू अस्थिर हुने गरेका छन् । सत्ता समीकरण निरन्तर फेरिँदो प्रकृतिको छ । २०७९ सालको आमनिर्वाचनपछि केन्द्र र प्रदेशमा धेरै पटक सत्ता समीकरण परिवर्तन भएका छन् । केन्द्रमा परिवर्तन भएसँगै प्रदेशमा पनि लगत्तै समीकरण हुने गरेका छन्, जसका कारण कुन सरकार कतिसम्म टिक्ने भन्ने अन्योल आमरूपमा पर्ने गरेको छ । केन्द्र वा प्रदेशमा धेरै दलहरूको प्रतिनिधित्व छ । तर, दल धेरै भए पनि एजेन्डागत रूपमा खास फरक प्रकृतिका छैनन् । मधेश प्रदेश केन्द्रित राजनीति गर्ने दलहरू मात्र पनि झण्डै आधा दर्जनका हुनुले अवस्था प्रस्ट्याउँछ । यदि एजेन्डागत रूपमा समान प्रकृतिका दलहरू सँगै हुने परिस्थिति बनेमा त्यसले राजनीतिलाई धेरै सरल अवस्थामा पुऱ्याउने देखिन्छ ।

यतिबेला सीके राउत नेतृत्वको जनमत पार्टी र रञ्जिता श्रेष्ठ नेतृत्वको तथा रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी एकताका लागि छलफलमा छन् । एकताका लागि सहमत दुवै दलले बाँकी प्रक्रियालाई टुंग्याउने तयारी गरिरहेका छन् । २ दलको छलफलको अवस्थालाई हेर्दा छिट्टै पार्टी एकताले मूर्त रूप लिने देखिन्छ । यदि जनमत र नागरिक उन्मुक्तिबीच एकता भएमा राष्ट्रिय राजनीतिमा थप अर्को बलियो कित्ताको उदय हुनेमा दुविधा छैन । गणितका हिसाबले पनि २ दल मिल्दा केन्द्रमा १० सांसद पुग्छन् भने ३ प्रदेशसभामा प्रतिनिधित्वसमेत रहने छ । जनमत मधेश प्रदेशको प्रभावशाली पार्टी हो भने नागरिक उन्मुक्ति सुदूरपश्चिमको निर्णायक शक्ति हो । यस्तो अवस्थामा २ दलको संयोजन नयाँ शक्ति निर्माणका लागि एउटा इँटा हुन सक्छ ।

२ दलको सहकार्यमा नेपाल समाजवादी पार्टी (नेसपा) पनि इच्छुक देखिएको छ । नेसपाले पनि २ दलबीचको एकतापछि छलफललाई अगाडि बढाउने भनेको छ । यदि नेसपासमेत सहभागी हुने अवस्थामा त्यसको ओज थप बढ्नेमा दुविधा छैन । वर्षौंदेखिको अस्थिर राजनीतिको दुष्परिणाम हामी अविकास र बेचैनीमा अनि अशान्ति र भयमा बाँच्न विवश छौं । राजनीति क्रमशः ध्रुवीकृत हुँदै अन्ततः २ ध्रुवमा मात्र रहन सकेमा अझ बढी प्रभावकारी हुन सक्छ । राजनीतिक स्थिरता र स्थायित्वका लागि एकै पृष्ठभूमिका, विचार र नीति तथा एजेन्डाका दलहरू ध्रुवीकृत भई एकीकृत हुनु देश र जनताका लागि खुसी र सुखद विषय हो ।

# युक्रेन युद्धले कोरेको नयाँ नक्सा

अग्रलेख



● राजन तिमिल्सिना

रुस-युक्रेन युद्ध २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा सैन्य आक्रमण गरेपछि सुरु भएको थियो । तर, यसको जरा सन् २०१४ मा क्रिमियाको रुसी कब्जा र डोनबास क्षेत्रमा पृथक्तावादी विद्रोहबाटै गाडिएको थियो । यो युद्ध केवल २ देशबीचको द्वन्द्व नभएर वैश्विक शक्ति संघर्षको प्रतिनिधि घटनाका रूपमा उभिएको छ ।

रुस आफ्नो सुरक्षा स्वार्थ र प्रभाव क्षेत्र जोगाउन लडिरहेको छ । अमेरिका र पश्चिमी देशहरू युक्रेनलाई समर्थन गरेर रुसलाई कमजोर पार्न खोज्दै छन् । चीन, भारत, मध्यपूर्व र अफ्रिकी राष्ट्रहरू वैकल्पिक शक्ति केन्द्रका रूपमा उदाउँदै छन् ।

यस युद्धले नाटोको विस्तार, रुस-चीन निकटता, आर्थिक शक्ति सन्तुलन, सैन्य प्रविधि विकास र नयाँ कूटनीतिक गठबन्धनहरू सिर्जना गरेको छ । यसले विश्व व्यवस्थामा महत्त्वपूर्ण फेरबदल ल्याउँदै छ, जसको असर दीर्घकालसम्म रहने छ । अमेरिका, रुस र युक्रेनको स्वार्थको टक्करले हाल विश्वभर नै गहिरो बहस सिर्जना गरेको छ । यस बहसलाई ३ मुख्य पक्षबाट हेर्न सकिन्छ । भूराजनीतिक प्रभाव : रुसले आफूलाई पूर्वसत्तारूढ सोभियत संघको उत्तराधिकारी मानेर आफ्नो प्रभाव क्षेत्र कायम गर्न खोजेको छ । युक्रेनलाई पश्चिमी गठबन्धन (नाटो वा इयू)मा सामेल हुनबाट रोक्ने रुसी रणनीति अमेरिकासँगको प्रत्यक्ष टकरावको कारण बन्यो । अमेरिकाले युक्रेनलाई स्वतन्त्र मुलुकको रूपमा नाटो सदस्यता खोज्न सक्ने अधिकार भएको तर्क गर्छ तर रुसले यो आफ्नो सुरक्षामा खतरा हुने दाबी गर्छ ।

**सैन्य रणनीति** : रुसले सन् २०१४ मा क्रिमिया नियन्त्रण गरेपछि युक्रेनसँगको द्वन्द्व चर्कियो । सन् २०२२ मा रुसले पूर्ण आक्रमण सुरु गरेपछि अमेरिका र पश्चिमी देशहरूले युक्रेनलाई सैन्य सहायता दिन थाले । यसले रुसी आक्रमणलाई रोक्न केही मदत गरे पनि द्वन्द्व अझ लम्बिँदै गएको छ । अमेरिकी स्वार्थ युक्रेनलाई दीर्घकालसम्म बलियो बनाउने देखिन्छ तर रुसी स्वार्थ आफ्नो सुरक्षा र प्रभाव क्षेत्र जोगाउनेमा केन्द्रित छ ।

**आर्थिक असर** : यस युद्धका कारण पश्चिमी प्रतिबन्धहरूले रुसलाई प्रभावित गरेका छन् तर रुसले ऊर्जा निर्यातका कारण अर्थतन्त्र जोगाइरहेको छ । अर्कातर्फ, युक्रेनले ठूलो आर्थिक क्षति बेहोरेको छ र अमेरिकाले सैन्य तथा आर्थिक सहयोगमार्फत युक्रेनलाई जोगाइरहने नीति धरापमा परेको छ । अमेरिका, रुस र युक्रेनबीचको सैन्य र प्रविधिगत अवस्था निकै असमान छ । युक्रेन तुलनात्मक रूपमा कमजोर भए पनि पश्चिमी सैन्य सहयोगका कारण प्रभावकारी रूपमा प्रतिरोध गरिरहेको छ । यो त्रिपक्षीय सैन्य प्रतिस्पर्धाले भविष्यमा युद्धको स्वरूपलाई नयाँ चरणमा लैजाने सम्भावना छ, विशेषगरी हाइपरसोनिक मिसाइल, ड्रोन युद्ध र साइबर युद्धका क्षेत्रमा फरक चित्र देखिने छ । अमेरिका, रुस र युक्रेनबीचको भू-राजनीतिक टकरावलाई समर्थन गर्ने विभिन्न देशहरू र सैन्य तथा आर्थिक संगठनहरू छन् । यी समर्थनकर्ता देशहरू र संगठनहरूको दृष्टिकोण उनीहरूको रणनीतिक, आर्थिक तथा सुरक्षा स्वार्थमा निर्भर गर्छ । अमेरिका, रुस र युक्रेनबीचको द्वन्द्वले वैश्विक भू-राजनीतिमा ठूलो फेरबदल ल्याएको छ । यसले सैन्य गठबन्धनहरू, आर्थिक शक्ति सन्तुलन, क्षेत्रीय सुरक्षा रणनीति र नयाँ गठजोड निर्माण गरेको छ । नाटोको विस्तार र युरोपको सुरक्षा रणनीति परिवर्तन गरेको छ । फिनल्यान्ड (२०२३) र स्विडेन (२०२४) नाटोमा सामेल भए, जसले रुसको सुरक्षा चासोलाई अझै बढायो । युरोपेली देशहरूमध्ये जर्मनी, पोल्यान्ड, फ्रान्स र ब्रिटेनले रक्षा बजेट बढाएका छन् । अमेरिकाले युरोपमा बाल्टिक राष्ट्रहरू, पोल्यान्ड र रोमानियामा थप सैन्य सामग्री र बजेट थपेको छ । युक्रेनलाई नाटोको निकट साझेदार बनाइयो तर पूर्ण सदस्यता तत्काल सम्भव छैन । युक्रेन युद्धपछि रुस, चीन र उत्तर कोरियाबीचको रणनीतिक साझेदारी थप सुदृढ हुँदै गएको छ । पश्चिमी प्रतिबन्ध, नाटो विस्तार र अमेरिका-युरोपको सैन्य सहयोगले यी ३ देशलाई वैश्विक शक्ति सन्तुलन पुनर्स्थापना गर्ने साझा उद्देश्यमा नजिक ल्याएका देखिन्छ । रुस र चीनको साझेदारी युक्रेन युद्धअघि नै मजबुत थियो तर युद्धपछि थप विस्तार भएको छ । दुवै देशले अमेरिका नेतृत्वको एक ध्रुवीय विश्व व्यवस्थालाई चुनौती दिन चाहन्छन् ।

पश्चिमी प्रतिबन्धपछि चीन रुसको प्रमुख व्यापारिक साझेदार बन्यो । रुसले ग्यास र तेल चीनलाई बढी परिमाणमा बिक्री गरिरहेको छ । साथै, २ देशबीच अमेरिकालाई टक्कर दिनेगरी संयुक्त अभ्यास पनि भइरहेका छन् । सैन्य सहयोगको नयाँ मोड दिएको छ । युक्रेन युद्धपछि रुस-उत्तर कोरिया सम्बन्ध ऐतिहासिक रूपमा नजिकिएको छ । उत्तर कोरियाले रुसलाई तोपगोलाहरू र मिसाइलहरू आपूर्ति गरिरहेको छ । रुसले उत्तर कोरियालाई उन्नत सैन्य प्रविधि दिने सम्भावना छ । रुसले उत्तर कोरियालाई ऊर्जा, खाद्य सहायता र प्रविधिगत सहयोग दिन थालेको छ । सन् २०२३ मा उत्तर कोरियाली नेता किम जोङ उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट गरी सैन्य तथा रणनीतिक सहयोगलाई बलियो बनाउने प्रतिबद्धता जनाएका थिए । चीन-उत्तर कोरिया सम्बन्धमा सतर्कता र सन्तुलन रहेको छ । चीन उत्तर कोरियाको सबैभन्दा ठूलो आर्थिक साझेदार हो तर युक्रेन युद्ध सन्दर्भमा चीन उत्तर कोरियालाई सतर्क रूपमा समर्थन गरिरहेको छ । चीनले खुल्ला रूपमा उत्तर कोरियालाई सैन्य सहायता गर्न चाहँदैन किनकि यसले अमेरिकासँगको व्यापार प्रभावित पार्न सक्छ । तर, चीनले उत्तर कोरियालाई आर्थिक र कूटनीतिक समर्थन दिइरहेको छ । रुस, चीन र उत्तर कोरियाले पश्चिमी देशहरूको सैन्य दबाबलाई तोड्न सामूहिक रणनीति अपनाएका छन् । रुस-युक्रेन युद्धमा पश्चिमी हस्तक्षेपको प्रतिरोध गर्दै छ । चीन, ताइवान, दक्षिण चीन सागर र व्यापार युद्धमा अमेरिकालाई चुनौती दिँदै छ । उत्तर कोरिया लगातार मिसाइल परीक्षण गर्दै अमेरिका-जापान-दक्षिण कोरिया गठबन्धनलाई धम्की दिँइरहेको छ ।



> ट्रम्पका पछिल्ला रणनीतिहरूले रुस, चीन र उत्तर कोरियाको साझेदारीमा आर्थिक र रणनीतिक चुनौतीहरू सिर्जना गर्न सक्छन्, जसले विश्वव्यापी शक्ति सन्तुलनमा नयाँ परिवर्तनहरू ल्याउन सक्छ । अमेरिकी, रुसी, युक्रेनी स्वार्थको टक्कर र मध्यपूर्वका घटनाक्रमले विश्वको राजनीतिक सन्तुलनलाई बदलिरहेका छन्...

युक्रेन युद्धले रुस-चीन-उत्तर कोरिया साझेदारीलाई बलियो बनाएको छ । रुसले पश्चिमी प्रतिबन्धको सामना गर्न चीन र उत्तर कोरियासँग सैन्य तथा आर्थिक सहकार्य बढाएको छ । चीनले रुसलाई आर्थिक समर्थन दिँदै अमेरिकाविरोधी मोर्चालाई बलियो बनाइरहेको छ । उत्तर कोरियाले रुसलाई युद्ध सामग्री आपूर्ति गर्दै सैन्य प्रविधि प्राप्त गर्ने अवसर खोजिरहेको छ । यो साझेदारी पश्चिमी सैन्य गठबन्धन नाटो क्वाडलगायतको सामना गर्न 'वैकल्पिक शक्ति ध्रुव'को रूपमा विकसित हुन सक्छ । अमेरिकी प्रभाव बलियो भए पनि चुनौतीहरू बढ्दै गएका छन् । अमेरिकाले युक्रेनलाई ठूलो सैन्य र आर्थिक सहायता दियो (१०० अर्ब डलरभन्दा बढी) । युरोपेली देशहरूलाई रुसबाट ऊर्जा परनिर्भरताबाट छुटकारा पाउन मद्दत गऱ्यो ।

तर, अमेरिकामा नै युक्रेन युद्धप्रति असन्तुष्टि बढ्दै छ (रिपब्लिकन नेताहरूले समर्थन घटाउने सम्भावना) । मध्यपूर्व, दक्षिण चीन सागर र अन्य क्षेत्रमा अमेरिकी ध्यान बाँडिँदै छ । 'ग्लोबल साउथ'को भूमिका महत्त्वपूर्ण हुँदै भारत, ब्राजिल, दक्षिण अफ्रिका जस्ता देशहरू रुसविरुद्ध पश्चिमी प्रतिबन्धहरूमा खुलेर समर्थन गर्दैनन् । ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका)को प्रभाव बढ्दै छ । साउदी अरेबिया, इरान, टर्की जस्ता देशहरू आफ्नो स्वतन्त्र कूटनीतिक नीति अवलम्बन गर्दै छन् । यसबीचमा ड्रोन युद्ध, साइबर युद्ध, हाइपरसोनिक मिसाइल विकास तीव्र भयो । युक्रेनले ड्रोन, हिमार्स, हाइपरसोनिक मिसाइलहरू प्रभावकारी रूपमा प्रयोग गऱ्यो । अमेरिका, रुस, चीनबीच हाइपरसोनिक हतियार प्रतिस्पर्धा बढ्दै छ । साइबर युद्धमा रुसी र पश्चिमी हैकरहरू लगातार भिड्दै छन् । रुस पश्चिमबाट झनै अलग हुँदै छ र चीनतर्फ झुक्दै छ । अमेरिका र युरोपको सैन्य गठबन्धन अझै बलियो भएको छ । 'ग्लोबल साउथ' देशहरू तटस्थ रहन खोज्दै छन् तर नयाँ शक्ति केन्द्र बन्दै छन् । सैन्य प्रविधि विकासले भविष्यको युद्ध रणनीति बदल्दै छ । यो भू-राजनीतिक परिवर्तनले आगामी दशकहरूमा अन्तर्राष्ट्रिय सम्बन्धको नयाँ ढाँचा निर्माण गर्ने छ । इजरायल र प्यालेस्टिनी समूहहरूबीचको द्वन्द्व पनि लामो समयदेखि जारी छ, जसले मध्यपूर्वको स्थायित्वमा गम्भीर प्रभाव पारेको छ । सन् २०२३ मा हमासले इजरायलमाथि अप्रत्याशित आक्रमण गरी १ हजार २०० भन्दा बढी इजरायलीको ज्यान लिएको थियो । यसको प्रत्युत्तरमा इजरायलले गाजामा व्यापक सैन्य कारबाही सुरु गऱ्यो, जसमा हजारौं प्यालेस्टिनीको मृत्यु भयो । यस द्वन्द्वको बीचमा लेबनानी सशस्त्र समूह हिजबुल्लाहले पनि इजरायलमाथि आक्रमण सुरु गऱ्यो । हिजबुल्लाहले इजरायली सैन्य क्षेत्रहरूलाई लक्षित गरी ३२० भन्दा बढी ड्रोन तथा रकेट प्रहार गरेको थियो । इजरायली सेनाले यी आक्रमणको प्रत्युत्तरमा दक्षिणी लेबनानमा हिजबुल्लाहको बलियो उपस्थिति रहेका क्षेत्रमा आक्रमण गऱ्यो । यो द्वन्द्वले मध्यपूर्वमा थप अस्थिरता निम्त्याएको छ, जसको प्रभाव क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा परिरहेको छ । इजरायल र हमासबीचको पछिल्लो द्वन्द्वले मध्यपूर्वमा तनावको नयाँ चरण निम्त्याएको छ । यस द्वन्द्वको फैलावट र यसमा अमेरिकाको भूमिकालाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ । सन् २०२३ मा हमासले इजरायलमाथि अप्रत्याशित आक्रमण गरी १ हजार २०० भन्दा बढी इजरायलीको ज्यान लिएको थियो । यसले इजरायललाई कडा प्रतिकार गर्न प्रेरित गऱ्यो । इजरायलले गाजा क्षेत्रमा व्यापक सैन्य कारबाही सुरु गऱ्यो, जसमा हजारौं प्यालेस्टिनीको मृत्यु भयो । यसले मानवीय संकटलाई थप गहिरो बनायो । द्वन्द्वले लेबनानको हिजबुल्लाह समूहलाई पनि सक्रिय बनायो । हिजबुल्लाहले इजरायलमाथि आक्रमण सुरु गऱ्यो, जसले द्वन्द्वलाई थप जटिल बनायो । अमेरिका र इजरायलबीचको लामो समयदेखिको रणनीतिक साझेदारीले यस द्वन्द्वमा पनि निरन्तरता पाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियो र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजा र इरानसम्बन्धी विषयमा साझा मोर्चाको घोषणा गरेका छन् । अमेरिका र इजरायलले इरानलाई क्षेत्रीय अस्थिरताको मुख्य स्रोत मान्दै आएका छन् । इरानको परमाणु कार्यक्रम र उसको सैन्य क्षमताप्रति दुवै देश चिन्तित छन् । इजरायलले इरानको मिसाइल क्षमतालाई गम्भीर खतरा मानेको छ, जसमा 'सेजिल' जस्ता २ हजा ५०० किलोमिटरम्म मार गर्न सक्ने मिसाइलहरू समावेश छन् ।

अमेरिकाले इजरायललाई निरन्तर समर्थन गर्नुका पछाडि ऐतिहासिक, रणनीतिक र राजनीतिक कारणहरू छन् । दोस्रो, विश्वयुद्धपछि इजरायलको स्थापनादेखि नै अमेरिका उसको कट्टर समर्थक रहँदै आएको छ । यस समर्थनमा मध्यपूर्वमा अमेरिकी प्रभाव कायम राख्ने रणनीति, इजरायली लबीको प्रभाव र अमेरिकी जनमतमा इजरायलप्रतिको सहानुभूति जस्ता तत्त्वहरू समावेश छन् । समग्रमा, इजरायल र हमासबीचको पछिल्लो द्वन्द्वले मध्यपूर्वमा थप अस्थिरता निम्त्याएको छ, जसमा अमेरिकाको सक्रिय भूमिका छ । अमेरिकाले इजरायललाई सैन्य, कूटनीतिक र आर्थिक समर्थन प्रदान गर्दै आएको छ, जसले क्षेत्रीय शक्ति सन्तुलनमा महत्त्वपूर्ण प्रभाव पारिरहेको छ ।

डोनाल्ड ट्रम्प नेतृत्वका पछिल्ला रणनीतिहरूले रुस, चीन र उत्तर कोरियाको साझेदारीमा प्रत्यक्ष प्रभाव पार्न सक्छन् । उनको दोस्रो कार्यकालमा ट्रम्पले विदेशी सामानहरूमा कडा ट्यारिफ लगाउने योजना अघि सारेका छन्, जसले विशेषगरी चीनलाई लक्षित गरेको छ । यस कदमले चीनको आर्थिक वृद्धिमा अवरोध पुऱ्याउन सक्छ, जसले रुस र उत्तर कोरियासँगको उसको रणनीतिक साझेदारीलाई पनि प्रभावित गर्न सक्छ । यस अतिरिक्त ट्रम्पले आफ्नो पहिलो कार्यकालमा सुरु गरेको इन्डो-प्यासिफिक रणनीतिलाई निरन्तरता दिने अपेक्षा गरिएको छ, जसको उद्देश्य दक्षिण एसियाली देशहरूमा चीनको प्रभाव कम गर्नु हो । यो रणनीतिले चीनलाई थप दबाबमा राख्न सक्छ, जसले रुस र उत्तर कोरियासँगको उसको सम्बन्धमा तनाव बढाउन सक्छ । समग्रमा, ट्रम्पका पछिल्ला रणनीतिहरूले रुस, चीन र उत्तर कोरियाको साझेदारीमा आर्थिक र रणनीतिक चुनौतीहरू सिर्जना गर्न सक्छन्, जसले विश्वव्यापी शक्ति सन्तुलनमा नयाँ परिवर्तनहरू ल्याउन सक्छ । अमेरिकी, रुसी, युक्रेनी स्वार्थको टक्कर र मध्यपूर्वका घटनाक्रमले विश्वको राजनीतिक सन्तुलनलाई बदलिरहेको छ । यदि वार्ताबाट समाधान खोजिएन भने यो टकराव अझै लामो समय चल्ने सम्भावना छ, जसले समग्र विश्व व्यवस्थामा दीर्घकालीन असर पार्न सक्छ ।

## इतिहासमा आज

२४ मार्च १६६४ मा रोजर विलियम्सलाई रोड आइल्यान्ड उपनिवेश गर्न बडापत्र प्रदान गरिएको थियो ।



२४ मार्च १८३७ मा क्यानडाका काला नागरिकहरूलाई मतदान गर्ने अधिकार प्रदान गरिएको थियो ।



२४ मार्च १९९३ मा एजर वेइजम्यान इजरायलको राष्ट्रपति निर्वाचित भएका थिए ।



२४ मार्च २००८ मा भुटानमा पहिलो आमचुनाव भयो, जसले आधिकारिक प्रजातन्त्रको अभ्यासलाई अघि बढाएको थियो ।



# पर्यटन र आर्थिक समृद्धि

विचार



● चन्द्रबहादुर बस्याल

> नेपालमा पर्यटनको विकासले ग्रामीण क्षेत्रहरूलाई आत्मनिर्भर बनाउन, रोजगारी सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा मदत पुऱ्याउने स्पष्ट सम्भावना छ । यसलाई व्यवस्थित रुपमा अघि बढाउन, पूर्वाधार निर्माणदेखि सेवा सुधारसम्म धेरै पक्षमा ध्यान दिन आवश्यक छ...

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, ऐतिहासिक धरोहर तथा धार्मिक स्थलहरूको धनी देश हो । विश्वकै अग्लो शिखर सगरमाथादेखि मनोरम पहाडी भेग, समथर तराई, हरियाली जंगल तथा हिमाली भेगका अनगिन्ती आकर्षणहरूले नेपाललाई पर्यटनका लागि उत्कृष्ट गन्तव्य बनाएका छन् ।

पछिल्ला दशकहरूमा पर्यटन क्षेत्रले नेपालको आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । पर्यटन मात्र मनोरञ्जनको साधन नभई देशको अर्थतन्त्रको मेरुदण्ड बन्न सक्ने सम्भावना बोकेको उद्योग पनि हो ।

नेपालमा पर्यटनको विकाससँगै रोजगारीका अवसरहरू बढ्न थालेका छन् । होटल व्यवसाय, यातायात, गाइड सेवा, हस्तकला, कृषि उत्पादन तथा मनोरञ्जन उद्योग पर्यटनसँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिएका छन् । विशेषगरी ग्रामीण भेगका स्थानीय समुदायलाई पर्यटनले प्रत्यक्ष रूपमा लाभ पुऱ्याएको छ । होमस्टे, एड्भेन्चर पर्यटन तथा सामुदायिक पर्यटनको बढ्दो लोकप्रियताले गाउँघरमा आम्दानीको स्रोत सिर्जना गरिदिएको छ । विदेशी तथा स्वदेशी पर्यटकहरू गाउँघरमा गएर बस्न थालेपछि त्यहाँका बासिन्दाले स्थानीय खानपान, सांस्कृतिक प्रदर्शन तथा हस्तकलाका सामग्री बेचेर राम्रो आम्दानी गर्न थालेका छन् । पर्यटनले विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोतको रूपमा पनि काम गरिरहेको छ । विशेषगरी पर्वतारोहण, पदयात्रा, धार्मिक तथा सांस्कृतिक पर्यटनमा आउने विदेशी पर्यटकहरूले नेपालमा ठूलो मात्रामा विदेशी मुद्रा भित्र्याइरहेका छन् ।

पर्यटनबाट आर्जित रकमले देशको व्यापारघाटा कम गर्न, पूर्वाधार निर्माण गर्न तथा विकास परियोजनाहरू संचालन गर्न ठूलो सहयोग पुग्ने गर्छ । यस्तै, पर्यटनका कारण नेपालमा अन्तरर्राष्ट्रिय लगानी भित्र्याउने अवसरहरू पनि सिर्जना भएका छन् ।

नेपालको पर्यटन उद्योगमा साहसिक पर्यटनले विशेष स्थान ओगटेको छ । हिमाल आरोहण, पदयात्रा, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, जंगल सफारी र साइकल यात्रा जस्ता गतिविधिहरू नेपालमा साहसिक पर्यटनका मुख्य आकर्षण हुन् ।

विश्वभरका साहसिक पर्यटकहरू नेपालका हिमालहरू चढ्न तथा प्राकृतिक सौन्दर्यको मजा लिन आउँछन् । नेपालमा रहेको विविध भौगोलिक बनावटले गर्दा यहाँका पदयात्रा मार्गहरू संसारभर प्रसिद्ध छन् । अन्नपूर्ण, एभरेस्ट, लाङटाङ, मनास्लु र अन्य थुप्रै पदयात्रा मार्गहरूले पर्यटकहरूलाई रोमाञ्चक अनुभव प्रदान गर्छन् । धार्मिक पर्यटन नेपालमा अर्को महत्त्वपूर्ण क्षेत्र हो । हिन्दु तथा बौद्ध धर्मका पवित्र स्थलहरू नेपालमा प्रशस्तै छन् । पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ, जनकपुर, स्वयम्भूनाथ तथा बौद्धनाथ नेपालका प्रमुख धार्मिक स्थलहरू हुन् । यी स्थानमा भारत, श्रीलंका, थाइल्यान्ड, चीन, जापान तथा अन्य धेरै देशहरूबाट श्रद्धालु तथा पर्यटकहरू आउने गर्छन् । धार्मिक पर्यटनको प्रवर्द्धनले नेपालको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई अझै मजबुत बनाउन सहयोग पुऱ्याएको छ ।

सांस्कृतिक पर्यटन नेपालमा आर्थिक समृद्धिको अर्को महत्त्वपूर्ण माध्यम बन्न सक्छ । नेपालका विभिन्न जातजाति, उनीहरूका भाषा, कला, परम्परा तथा मौलिक जीवनशैली पर्यटकहरूका लागि विशेष आकर्षणका विषय हुन् ।

प्रत्येक वर्ष नेपालमा आयोजना हुने विभिन्न सांस्कृतिक पर्व तथा महोत्सवहरूले पर्यटकहरूलाई नेपालको मौलिक संस्कृति बुझ्न अवसर प्रदान गर्छन् । विशेषगरी, दसैं, तिहार, इन्द्रजात्रा, गाईजात्रा, ल्होसार तथा छठ पर्व जस्ता चाडपर्वहरू नेपाल भ्रमण गर्ने पर्यटकहरूका लागि लोभलाग्दा अवसरहरू हुन् ।


पर्यटनको प्रवर्द्धन गर्न नेपाल सरकारले विभिन्न नीति तथा कार्यक्रमहरू अगाडि सारेको छ । पर्यटन वर्ष, २०२० को घोषणा गरे पनि कोभिड-१९ महामारीका कारण अपेक्षित नतिजा प्राप्त हुन सकेन । महामारीपछि सरकारले पर्यटन पुनरुत्थानका लागि नयाँ रणनीतिहरू अवलम्बन गरिरहेको छ ।

हवाई सेवा विस्तार, भिसा प्रक्रिया सहज बनाउने पहल तथा पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय प्रचारप्रसार जस्ता कदम चालिएका छन् । नेपालमा अन्तर्राष्ट्रियस्तरका होटल तथा रिसोर्टहरू खुल्दै गएकाले सेवा तथा सुविधा स्तरीय बन्दै गएका छन् । यद्यपि, पर्यटन क्षेत्रको प्रभावकारी विकासका लागि केही चुनौतीहरू पनि छन् । नेपालमा आवश्यक पूर्वाधारको अभाव, यातायात व्यवस्थाको कमजोरी, सरसफाइ तथा वातावरण संरक्षणमा ध्यान नपुग्नु तथा सेवा प्रदायकहरूको स्तरीयतालाई सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यस्तै, सरकारको नीति निर्माण तथा कार्यान्वयनमा एकरूपता नहुनु, निजी क्षेत्रसँगको समन्वय अभाव तथा अन्तर्राष्ट्रियस्तरमा पर्याप्त प्रचारप्रसार नहुनु पनि पर्यटन प्रवर्द्धनका बाधकहरू हुन् । यदि नेपालले पर्यटन क्षेत्रको दीर्घकालीन योजनाबद्ध विकास गर्न सक्यो भने यसले आर्थिक समृद्धिमा उल्लेखनीय टेवा पुऱ्याउने निश्चित छ । पर्यटन क्षेत्रलाई व्यावसायिक बनाउन, स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने नीति अवलम्बन गर्न तथा वातावरणमैत्री पर्यटन प्रवर्द्धन गर्न सकेमा नेपाल विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुन सक्छ ।

पर्यटनको दिगो विकासले आर्थिक समृद्धि मात्र ल्याउने छैन बरु नेपालको अन्तर्राष्ट्रिय छवि पनि सुधार गर्ने छ । त्यसैले, सरकारले पर्यटन प्रवर्द्धनका लागि योजनाबद्ध रूपमा लगानी बढाउनुका साथै स्थानीयस्तरमा सचेतना कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ । नेपालमा पर्यटनको विकासले ग्रामीण क्षेत्रहरूलाई आत्मनिर्भर बनाउन, रोजगारी सिर्जना गर्न तथा गरिबी न्यूनीकरणमा मदत पुऱ्याउने स्पष्ट सम्भावना छ । यसलाई व्यवस्थित रूपमा अघि बढाउन पूर्वाधार निर्माणदेखि सेवा सुधारसम्म धेरै पक्षमा ध्यान दिन आवश्यक छ । यदि पर्यटन क्षेत्रलाई नेपालको आर्थिक समृद्धिको प्रमुख खम्बा बनाउन सकियो भने यसले देशको समग्र विकासलाई तीव्र गतिमा अगाडि बढाउने छ ।

## सामाजिक सञ्जाल



विष्णु ढकाल

कति राम्रो सन्देश 'सरकार परिवर्तन गर्ने मनशाय भारतको छैन अरे' परराष्ट्रमन्त्रीको अभिव्यक्ति ! यो कथनले अहिले जुर्मुराएकालाई कति बल पुग्यो, गणतन्त्रवादीले हेक्का राख्ने कि ! हुनत उतैबाट क्वालिफाई नभई राजनीति गर्ने को छ र ? छन् भने केही स्वाभिमानी विद्वान्हरू बोल्नुपर्ने होइन र ?



प्रेमकान्त अधिकारी

अँध्यारोलाई अँगालेर कुम्ल्याएर राख्न उचित ठानेपछि उज्यालोतिर जाने लक्ष्य, उद्देश्य, गन्तव्य त 'आकाशको फल आँखा तरी मर' भनेजस्तै हुने भयो । अँध्यारोबाट नै फाइदा उठाइरहेकाहरूले होला अहिलेसम्म र अब पनि त्यही मुताबिक भविष्यको मार्गचित्र दिशानिर्देश गर्न लालायित भएका ।



मातृका पौडेल

गणतन्त्रवादी नेता, अभियन्ताहरूले उहिल्यै दरबार छाडिसकेका राजालाई साँझ-बिहान जति बेला पनि देखौंला र पखौंला भन्दै धारे हात लाउनुचाहिँ झिँगालाई तरबार हानेको जस्तै भो ! आ-आफ्ना परिभाषित कार्यभार इमान जमानका साथ पूरा गर्न छाडेर बारम्बार रङ नम्बर डायल गरेको पब्लिक न पचन्ति !



सूर्यराज आचार्य

खुला बजार प्रणालीमा उत्पादकले मिलेमतोमा भाउ बढाउने गतिविधि (कार्टेलिङ)लाई अवैध र दण्डनीय मानिन्छ । नेपालमा चाहिँ खुल्लमखुल्ला र अझ सरकारको समर्थनमा ? राज्य संयन्त्रमा योबारेमा आधारभूत ज्ञानको कि नियतको कमी ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# अर्घाखाँची अस्पतालमा बिरामीको संख्या दोब्बर



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १० चैत

गर्मीयाम सुरु हुन लागेसँगै अर्घाखाँची अस्पतालमा बिरामीको संख्या बढेको छ । केही समय पहिला सरकारी तथा सामुदायिक अस्पतालमा उपचार गराउनुको साटो निजी स्वास्थ्य संस्थामा उपचार गराउनेहरू पनि अहिले जिल्ला अस्पतालमै उपचार गराउन पुग्ने गरेका जिल्ला अस्पताल अर्घाखाँचीले जनाएको छ ।

दैनिक एक सय पचासदेखि दुई सय जनासम्म ओपिडीमा उपचारका लागि आउने गरेकामा अहिले बढेर दैनिक चार सयभन्दा बढी बिरामी अस्पतालमा स्वास्थ्य जाँचका लागि आउने गरेका अस्पतालका प्रमुख डा.जगन्नाथ तिवारीले जानकारी दिए ।

डाक्टर तिवारीका अनुसार अस्पतालमा बालबालिका, ज्येष्ठ नागरिक, मौसमी रुघाखोकी तथा दीर्घरोगी दम सुगर प्रेसर लगायतका बिरामी उपचारका लागि आउने गरेका छन् । ओपिडीमा मात्र नभएर इमर्जेन्सीका बिरामी पनि बढेका छन् । अस्पतालमा भर्ना भएर उपचार गराउनेको संख्या पनि निकै बढेको अस्पतालका सूचना अधिकारी निम रानाले बताए ।

अस्पतालमा सिएस सेवा अर्थात् शल्यक्रिया विधिबाट प्रसूती गराएर बच्चा निकाल्ने सेवा, मुटुको भिडियो एक्सरे पनि विगत ३ महिनादेखि सञ्चालनमा रहेको र आगामी दिनमा डाइलेसिस सेवा लगायतका थप सेवा अस्पतालमा सञ्चालन गर्ने कार्यक्रम रहेको अस्पतालमा प्रमुख डा.तिवारीले बताए ।

अस्पतालमा जटिल प्रकृतिका प्रसूतिलाई शल्यक्रियाका लागि बुटबल जानुपर्ने बाध्यता हटेको छ। शल्यक्रियाकै लागि बुटबल जानुपर्ने बाध्यता हटेपछि स्थानीयवासी पनि खुसी भएका छन् ।

अस्पतालमा दैनिक ६० देखि ८० जनाको अल्ट्रासाउन्ड भिडियो एक्सरे हुने गरेको छ। अन्य सामान्य शल्यक्रियालगायत हाइड्रोसिल, हर्नियालगायत रोगको शल्यक्रिया पनि सोही अस्पतालमा हुने गरेको अस्पतालका स्वास्थ्यकर्मी अशोक चौहानले बताए । सिएस सेवा सञ्चालन गर्दा जिल्लामा ब्लड बैंक नभएर समस्या हुने तर शल्यक्रिया गर्नुभन्दा पहिला ब्लड दिने व्यक्तिलाई राखेर शल्यक्रिया गरिरहेको अस्पतालका प्रमुख चिकित्सक तिवारीले जानकारी दिए ।

गर्मीयाम सुरु भएकाले बिरामीको चाप थप बढ्न सक्ने अनुमान गरेर थप वेडको व्यवस्थापन गर्न लागिएको डा. तिवारीको भनाइ छ । सरकारले ५० वेडको अस्पतालको मान्यता दिएपनि अस्पताल अहिलेसम्म २५ वेडमानै संचालित छ ।

# उदयपुरमा ब्राउन सुगरसहित २ जना पक्राउ



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १० चैत

उदयपुरमा लागुऔषध ब्राउन सुगरसहित २ जना युवालाई प्रहरीले पक्राउ गरेको छ ।

जिप्रका उदयपुरका प्रहरी प्रमुख एसपी हरिहरनाथ योगीका अनुसार आइतबार विशेष सूचनाको आधारमा जिप्रका उदयपुर र प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका वडा नं ५ विलाउनेस्थित सप्तरीबाट गाइघाटतर्फ आउँदै गरेको प्र.२-०१-००२ प ७८६३ नं..को मोटरसाइकलमा सवार त्रियुगा नगरपालिका ९३ मोतीगडा बस्ने वर्ष ३७ को रत्न भन्ने रोहित चौधरी र वर्ष ३१ को नागेश्वर चौधरीलाई पक्राउ गरेको हो । चेकजाँच गर्ने क्रममा उनीहरूका साथबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर ३.६९ ग्राम बरामद गरिएको छ । मोटरसाइकलसहित चालक रत्न चौधरी र नागेश्वर चौधरीलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## श्री डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीको सरकारद्वारा व्यवस्थित वनको काठ/दाउरा संकलन सम्बन्धी सूचना

**१५ दिने सूचना पहिलो पटक प्रकाशित मिति २०८१/१२/११ गते**

डिभिजन वन कार्यालय पहलमानपुर कैलाली, अन्तर्गतको सव डिभिजन वन कार्यालय सुखडको कार्यक्षेत्रमा पर्ने घोडाघोडी न.पा.- ०९, स्थित कन्द्रा खोला, खोपडी खोला र घोडाघोडी न. पा. - ०४ मा रहेको शिबगङ्गा खोला नदि दरियाबुर्दी रुखहरु संकलन (कटान, मुछान, ढुवानी) तथा घाटगद्दी समेत गराउनका लागि स्वीकृत जिल्ला दर रेट (कैलाली) अनुसारको काठ/दाउरा संकलन तथा घाटगद्दी कार्यको लागत ईस्टिमेट बमोजिम गोलिया काठ संकलन प्रति क्यू फि. रु. १५१/- र दाउरा संकलन प्रति चट्टा १६, १३१। मा घटाघट प्रकृयाबाट ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आन्तरिक राजश्व कार्यालयमा दर्ता भई स्थायी लेखा नं. (PAN) वा मु.अ.कर दर्ता नम्बर, आ.व. २०८०/२०८१ को कर चुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धि व्यवसाय गर्न ईजाजत प्राप्त फर्म, कम्पनि वा व्यक्तिले पहिलो पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) दिनको कार्यालय समय भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीबाट बोलपत्र खरिद गरि सिलवन्दी बोलपत्र १६ (सोह) औं दिन दिनको १:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धि विस्तृत सूचना यस कार्यालयमा तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ।


## युएईमा रोजगार

कम्पनी: GLOBAL SECURITY SERVICES GROUP - SOLE PROPRIETORSHIP L.L.C. शहर: ABU DHABI
पुर्व स्वीकृत मिति: २०८१/१२/०९ चलानी नं.: ६०२३४९२९ L.T. No.: 320899

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 190 | 10 | स. काममा दक्ष | 2000 | ७४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।

कम्पनी: FIVE KEYS HOSPITALITY SERVICES- L.L.C शहर: ABU DHABI
पुर्व स्वीकृत मिति: २०८१/१२/०९ चलानी नं.: ६०२३४९३० L.T. No.: 320900

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeper | 25 | 50 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiters | 25 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 3. | Waitress | 0 | 30 | | 1200 | ४४,८४४ | | | | | | | |

Criteria:
1. Fluent English, 2. Age Below 30, 3. Minimum 3 Years Experience Related Field, Original Passport With Genuine CV With Photo & Experience Certificate
4. Pre Interview मा समाबेस नभएको Candidate लाई फाइनल अन्तरर्वातामा लिइर्ने छैन ।

प्रि अन्तरर्वार्ता धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २१ र २४ गते (3 & 6 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल विर्तामोड, झापामा २०८१ चैत २२ गते (4 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा नागढुङ्गा, पोखरामा २०८१ चैत २३ गते (5 April 2025) मा हुनेछ ।

Note:
1. OTHERS ALLOWANCE, OVERTIME गरेर Salary २००० AED हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सन लाईट ह्युमन रिर्सोस प्रा. लि. Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585 , 9767241249, 9864827296
Pokhara Contact No : 9805827782, Birtamod Contact No : 9802313475 ,9707318664



## युएईमा रोजगार

कम्पनी : ALEC ENGINEERING AND CONTRACTING L L C - DUBAI BRANCH शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/२५ चलानी नं.: ६०२३४२७७ LT. No.: 320020 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician. | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scafolder | 50 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 3. | Steel Fixer | 50 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |
| 4. | Stone Mason | 50 | 0 | | 1200 | ४४,८४४ | | | | | | | |

अन्तर्वार्ता शिखर इन्टरनेशनल ट्रेनिङ इन्स्टिच्युट, काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।
अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८१ चैत १९ गते (1 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८१ चैत २० गते (2 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता ओशो ट्रेनिङ सेन्टर, नेपालगंज, बाँकेमा २०८१ चैत २१ गते (3 April 2025) मा हुनेछ ।
अन्तर्वार्ता मौलाकालिका ट्रेनिङ सेन्टर, भरतपुर, चितवनमा २०८१ चैत २२ गते (4 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np



## Kuwait मा रोजगार — Hattan Restaurant Company

पूर्व स्वीकृती मिति: २०८१/१२/०९ चलानी नं.: ६०२३४९९७ LT No.: 320854

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Barista | 5 | 0 | काममा दक्ष | 130 | ५८,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८१ चैत्र १८ गते (31 March, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com



## युएईमा रोजगार

कम्पनी: BURJ AL HANNA PLASTER CONT शहर: Sharjah
पूर्व स्वीकृत मिति : २०८१/१२/०९ चलानी नं.: ६०२३४९४८ LT. No.: 320897

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plasterer For Building | 5 | 0 | | 1300 | ४८,५८१ | | | | | | | |
| 3. | Tile Layer | 5 | 0 | | 1300 | ४८,५८१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


GLOBAL RISING PLACEMENT PVT. LTD. Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal cv@globalrisingplacement.com
www.globalrisingplacement.com 01- 5915317 | 5917318 9801316640, 9801316636, 9801316653.



## कुबेतमा रोजगार

कम्पनी: LAVENDER LEAVES LADIES BEAUTY SALON शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१२/०९ चलानी नं.: ६०२३४९९० L.T. No.: 320826

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | स. काममा दक्ष | 150 | ६६,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १८ गते (31 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८१/१२/११**

यस बैंकको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेतबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**१. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : सदाशिव ट्रेडर्स एण्ड अर्डर सप्लायर्स**
रजिष्टर्ड ठेगाना : बिरेन्द्रनगर-०६, सुर्खेत
रजिष्ट्रेसन नं. : ४०७२/०७०/७१ नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, वीरेन्द्रनगर सुर्खेत
पान नं. : ६०१३५०७५१ (आ.रा.का. सुर्खेत)

**फर्मको प्रोप्रईटरको नाम र ठेगाना**

श्री भोला प्रसाद बुढा क्षेत्री/श्रीमती झुमा देवी बुढा क्षेत्री को नाती, श्री रेशम बहादुर बुढा क्षेत्री/श्रीमती हिमा देवी बुढा क्षेत्री को छोरा, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला मगरागाडी गा.बि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने श्री **देव बहादुर बुढा क्षेत्री** (ना.प्र. नं. ३२३५४, जारी मिति वि.सं. २०६३/०६/२४, प्रथम प्रतिलिपि मिति वि.सं. २०७१/०५/१८, जि.प्र.का. बर्दिया)।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री भोला प्रसाद बुढाक्षेत्री/श्रीमती झुमा देवी बुढा क्षेत्री की बुहारी, श्री खुर्सल विष्ट/श्रीमती खिमा विष्ट की छोरी, श्री रेशम बहादुर बुढाक्षेत्री की पत्नी, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला मगरागाडी गा.बि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने श्रीमती **हिमा देवी बुढाक्षेत्री** (ना.प्र. नं. ३५४०/०४६, जारी मिति वि.सं. २०४६/०३/०७, जि.प्र.का. बर्दिया)।
२. श्री भोला प्रसाद बुढाक्षेत्री/श्रीमती झुमा देवी बुढा क्षेत्री को नाती, श्री रेशम बहादुर बुढा क्षेत्री/श्रीमती देवी बुढाक्षेत्री को छोरा, श्रीमती सीता कुमारी खत्री का पति, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला मगरागाडी गा.बि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा.वडा नं. १२ बस्ने वर्ष ३१ को श्री **खगेन्द्र बुढाक्षेत्री** (ना.प्र.नं. ३२७५३, जारी मिति वि.सं. २०६३/०८/०५, जि.प्र.का. बर्दिया)।
३. श्री तिलक बहादुर खत्री/श्रीमती भिम कुमारी खत्री की नातीनी, श्री हेम बहादुर क्षेत्री/श्रीमती कमला खत्री की छोरी, श्री खगेन्द्र बुढाक्षेत्री की पत्नी, बागमती प्रदेश, रामेछाप जिल्ला खाँडादेवी गा.बि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १२ बस्ने श्रीमती **सीता कुमारी खत्री** (ना.प्र.नं. २१-०१-७६-०१२७२, जारी मिति वि.सं. २०७६/०२/२०, जि.प्र.का. रामेछाप)।

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

## नबिल बैंक लिमिटेड, धरान महेन्द्रपथ शाखा, सुनसरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**प्रकाशित मिति: २०८१/१२/११**

